नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८२ भाद्र ८ गते यस मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका सदस्य माननीय श्री गंगादत्त अवस्थी, मन्त्रालयका सचिव श्री हरिप्रसाद मैनाली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र राष्ट्रिय योजना आयोगका सहसचिवहरू, विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, मन्त्रालयका महाशाखा प्रमुखहरू, मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरू तथा कार्यालयका प्रमुखहरू, सम्बद्ध निकायका प्रमुख तथा अन्य कर्मचारीहरूको उपस्थितिमा बैठक सम्पन्न भयो।

माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेले आ.व. २०८१/८२ मा मन्त्रालयको कार्ययोजना/माइलस्टोनको समग्र प्रगति ७७ प्रतिशत भएको तथा बाँकी कार्य समेत सुचारू अवस्थामा रहेकोमा सम्बन्धित सबैलाई धन्यवाद व्यक्त गर्दै मन्त्रालयको समष्टिगत रुपमा चालु तर्फ ७३.२% र पूँजीगत तर्फ ५५.४८% प्रगतिलाई आगामी वर्षमा १००% पुऱ्याउन निर्देशन गर्नु भयो। चालु आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य र वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि महाशाखाहरूले आ-आफ्नो कार्यक्षेत्रका निकायहरूसँग नियमित समन्वयात्मक छलफल बैठक गरी कार्य गर्न निर्देशन दिनुभयो। साथै चालु आ.व. २०८२/८३ को लागि १२.५ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको तथा मन्त्रालयको २७ वटा क्रियाकलापहरू र ३४ वटा माइलस्टोनहरू तय गरिएको हुँदा समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्देशन दिनु भयो। सबै कर्मचारीले राष्ट्र निर्माणमा योगदान गर्ने प्रणका साथ कार्यसम्पादन गर्न र यसका निम्ति आफूले निर्वाह गर्नुपर्ने भूमिकामा गम्भिर भएर लाग्न निर्देशन दिँदै मन्त्रालयका समग्र कार्यक्रमका लक्ष्य एवम् उद्देश्य प्राप्तिमा प्रतिबद्ध कर्मचारीहरुलाई सदैव आफ्नो साथ रहने समेत बताउनु भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०८२ भाद्र ८ गते, आइतबार
नेपाल संवत् ११४५ ञंलाथ्व पारू

रामकृष्ण लामिछाने
प्रवक्ता

रामकृष्ण लामिछाने
सहसचिव